# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ६, संख्या ७, मिति: २०७९।१।२९

## भाग–२

### सामाजिक संङ्घसंस्थालाई दिइने कार्यक्रम सञ्चालन अनुदान कार्यविधि,२०७९

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती, नेपाल



Scanned with CamScanner

# सामाजिक सङ्घसंस्थालाई दिइने कार्यक्रम सञ्चालन अनुदान कार्यविधि, २०७९

**कार्यपालिकाबाट पारित मिति २०७९/०९/२४**
**प्रमाणीकरण मिति २०७९/०९/२९**

**प्रस्तावनाः**

भरतपुर महानगरपालिकाबाट महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक अल्पसङ्ख्यक, दलित, मुस्लिम, पिछडावर्ग, एकल, आदिवासी, जनजाति, अल्पसंङ्ख्यक एवं सिमान्तकृत समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण लगायत समाज कल्याणका क्षेत्रमा काम गर्ने औपचारिक सामाजिक सङ्घसंस्थाहरूलाई प्रत्येक वर्ष कार्यसञ्चालन अनुदान प्रदान गर्ने व्यवस्था हुँदै आएको छ।

समुदायको तल्लो तहसम्म सेवा प्रवाह गर्ने विभिन्न गैरसरकारी सामाजिक सङ्घसंस्थालाई महानगरपालिकाबाट आर्थिक तथा सामाजिक कार्यका लागि प्रदान गरिने कार्यसञ्चालन अनुदान रकमलाई अझ वढी पारदर्शी, उपलब्धिमूलक र व्यवस्थित बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम भरतपुर महानगरपालिकाले **सामाजिक सङ्घ संस्थालाई दिइने कार्यक्रम सञ्चालन अनुदान सम्बन्धी कार्यविधि, २०७९** बनाई लागू गरेको छ।

## परिच्छेद-१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सामाजिक सङ्घ संस्थालाई दिइने कार्यक्रम सञ्चालन अनुदान सम्वन्धी कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाको वैठकबाट स्वीकृत भएको हुनेछ।

(३) यो कार्यविधि भरतपुर महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर सम्झनु पर्छ ।

(ख) "कार्यक्रम सञ्चालन खर्च" भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा



Scanned with CamScanner

पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

(ग) "प्रशासनिक खर्च" भन्नाले पारिश्रमिक, सेवा महसुल तथा भाडा, कार्यालय सामान तथा परामर्श सेवा र भ्रमण खर्च जस्ता चालु खर्च सम्झनु पर्दछ ।

(घ) "सामाजिक सङ्घसंस्था" भन्नाले कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्य सञ्चालन रकम सम्बन्धी व्यवस्था

### ३. कार्यसञ्चालन रकम उपलब्ध हुने क्षेत्र:

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक रुपमा पछाडि परेका समुदाय लगायत समाज कल्याणका अन्य क्षेत्रमा काम गर्ने सामाजिक सङ्घसंस्थाहरूलाई देहायका विषयमा महानगरपालिकाले अनुदान रकम प्रदान गर्न सक्नेछ,

(३.१) समुदाय तहमा कानुनी शिक्षा, नेतृत्व तथा क्षमता विकास, भाषण कला, जीवनोपयोगी सीप तथा व्यवसायिक विकास लगायत विपन्न सदस्यको आर्थिक सशक्तीकरणका क्षेत्रमा तालिम सञ्चालन गर्न ।

(३.२) लक्षित समुदायमा आयमूलक कार्यक्रम सञ्चालन गर्न,

(३.३) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक, एकल महिला तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको हक हितका लागि गरिने पैरवी, प्रशिक्षण, समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम, सहजकर्ता, दोभाषे, तथा सहयोगीहरुका लागि तालिम कक्षा सञ्चालन, प्रचारप्रसार जस्ता कार्यक्रम सञ्चालन गर्न ।

(३.४) असाहय, हिंसा पिडित अपाङ्गता भएका व्यक्तिहरूको लागि दीर्घकालीन पुनर्स्थापना गृह, सामान्यतया अल्पकालीन सुरक्षा गृह, दिवा सेवा केन्द्र निर्माण तथा सञ्चालन गर्न ।

(३.५) जेष्ठ नागरिकहरूका लागि वृद्धाश्रम/हेरचाह केन्द्र र दिवा सेवा केन्द्र निर्माण तथा सञ्चालन गर्न ।

(३.६) जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामाग्रीहरूको उत्पादन एवं वितरण गर्न ।

(३.७) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, लगायत समाज कल्याणका अन्य क्षेत्रमा महानगरले प्राथमिकता तोकेका विषयहरूमा कार्यक्रम सञ्चालन गर्न ।

(३.८) कला, भाषा, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न ।



Scanned with CamScanner

**४. कार्यक्रम सञ्चालन अनुदान रकम उपलब्ध गराउन सक्ने:**

(४.१) कार्यक्रमको गाम्भीर्यताका आधारमा वर्षमा एकपटकका लागि एक संस्थालाई कार्यक्रम सञ्चालन गर्न बढीमा रु. दुई लाख सम्म मात्र उपलब्ध गराउन सकिनेछ ।

(४.२) दफा ३ को उपदफा ३.४ र ३.५ बमोजिम कार्यक्रम सञ्चालनका लागि विस्तृत कार्ययोजना सहित पेश भएको अवस्थामा रु. ५ लाख सम्म उपलव्ध गराउन सकिनेछ ।

(४.३) महानगरपालिकाले प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिक भित्र निश्चित समय तोकी एकपटक सामाजिक सङ्घ/संस्थालाई कार्यक्रमको विस्तृत प्रस्तावना पेश गर्न दरखास्त आव्हान गर्नेछ ।

(४.४) महानगरपालिकाबाट प्रदान गरिएको कार्यक्रम सञ्चालनका लागि दिईएको अनुदानबाट सञ्चालित कार्यक्रमको गुणस्तर र सेवाको दिगोपनाको जिम्मेवारी अनुदान प्राप्त गर्ने संस्थाको हुनेछ ।

(४.५) कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्था/समूहले अनुसूची-१ मा दिइएको ढाँचामा प्रस्तावित कार्यक्रमको अवधारणा समेत खुलाई दरखास्त पेश गर्नुपर्नेछ ।

(४.६) कार्यक्रम सञ्चालनका लागि पेश गरिएको प्रस्तावनामा कम्तिमा ३० प्रतिशत लागत सम्वन्धित संस्थाले व्योहर्ने शर्तको पालना भएको हुनु पर्नेछ ।

**(५) पेश गर्नुपर्ने कागजातहरु,**

कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले देहाय बमोजिमका विवरण सहित कार्यालयले सूचना माग गरेको म्याद भित्र दरखास्त दिई सक्नु पर्नेछ, म्याद नाघेका दरखास्तलाई स्वीकार गरिने छैन् ।

(५.१) प्रचलित कानून वमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि,

(५.२) संस्थाका सञ्चालकहरुको व्यक्तिगत विवरण,

(५.३) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(५.४) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(५.५) सञ्चालक समितिले कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि,

(५.६) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(५.७) प्रस्तावित कार्यक्रममा संस्थाको अंश ३०% (कुल लागतमा १५% Overhead Cost समेत) हुने व्यहोरा खुलेको विवरण ।



Scanned with CamScanner

## ६. मूल्याङ्कन तथा छनौट समितिः

(६.१) तोकिएको समयसिमा भित्र पेश भई आएका दरखास्त उपर छनौट समितिले बजेटको सिमितता एवं कार्यक्रमको आवश्यकताको आधारमा अनुदानको लागि छनौट गर्नेछ। उक्त कार्यका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ :-

(क) प्रमुख (स्वास्थ्य तथा सामाजिक विकास महाशाखा) - संयोजक

(ख) नीति, योजना तथा कार्यक्रम शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रसाशन शाखा प्रमुख - सदस्य

(घ) सामाजिक विकास समितिका कार्यपालिकाका महिला सदस्य -सदस्य

(ङ) महिला बालबालिका शाखाका प्रमुख - सदस्य

(च ) दलित तथा सिमान्तकृतको प्रतिनिधि महिला सदस्य १ जना सदस्य

(छ) सङ्घसस्था समन्वय तथा सामुदायिक परिचालन शाखा प्रमुख -सदस्य-सचिव

(६.२) छनौट समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित विषयका विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ।

(६.३) मुल्याङ्कन तथा छनौट समितिले दफा ५ बमोजिम पेश हुन आएका प्रस्ताव मूल्यांकन मङ्सिर मसान्त भित्र गरी सक्नुपर्नेछ।

(६.४) मूल्याङ्कनका आधारमा छनौटमा परेका सामाजिक सङ्घसंस्थाहरुको नामावली मङ्सिर मसान्त भित्र प्रकाशन गरिसक्नु पर्नेछ।

(६.५) प्रस्ताव मुल्याङ्कनका आधार देहाय बमोजिम हुनेछन्:-

| क. सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | प्रस्ताव र अवधारणा पत्रको मूल्याङ्कन | ४० |
| २ | संस्थाको जनशक्तिको अवस्था | २० |
| ३ | संस्थाको सम्वन्धित क्षेत्रको अनुभव | १५ |
| ४ | संस्थाको आर्थिक कारोबार | १० |
| ५ | संस्थाको आन्तरिक श्रोत परिचालनको अंश | १५ |
| | जम्मा | १०० |

(६.६) उपदफा (६.५) मा उल्लिखित हरेक विवरणको अङ्क भारलाई आधार लिई छनौट समितिले आवश्यकताको आधारमा अङ्क सहितको सहायक मानकहरु तयार गर्नुपर्नेछ।

## (७) अनुदान नदिइनेः

(७.१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका संस्थाहरूलाई कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराईने छैन,



Scanned with CamScanner

(क) यस अघि लिएको अनुदानको हिसाव पेश नगरेको । (बेरुजु फछ्र्यौट नगरेको)
(ख) अनुगमनबाट कार्यक्रम संतोषजनक रूपले सञ्चालन गरेको नदेखिएको ।
(ग) दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु संलग्न नगरेको एवम् संस्थाको विवरण पूर्णरुपमा उल्लेख नगरेको ।
(घ) मूल्याङ्कनमा साठी प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको ।
(ङ) गत आर्थिक वर्षको प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन पेश नगरेको ।
(च) नियमानुसार कार्यालयमा सूचीकृत भएको नदेखिएको ।
(२) महानगरपालिकाले आवश्यक नठानेका क्षेत्रमा अनुदान उपलब्ध गराइने छैन ।

**८. कार्यक्रम सञ्चालन अनुदान प्राप्त गर्ने संस्थाको दायित्वः**

अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व बहन गर्नु पर्नेछ,
(८.१) प्राप्त कार्यक्रम सञ्चालनको हिसाब किताब स्वीकृत लेखा प्रणाली अनुसार हुनुपर्नेछ ।
(८.२) कार्यक्रम सञ्चालन अनुदानको रकम उपयोग गर्न नसकेमा आगामी कार्यक्रममा उक्त संस्थालाई समावेश गरिने छैन र बाँकी किस्ता पनि उपलब्ध गराईने छैन ।
(८.३) कार्य समाप्त भएको मितिले १५ दिन भित्र एक प्रति विस्तृत प्रगति प्रतिवेदन समेत महानगरपालिकाको सम्वन्धित शाखा/महाशाखामा पेश गर्नु पर्नेछ ।
(८.४) प्राप्त कार्यक्रम सञ्चालन अनुदानको रकम खर्च गर्दा कामको प्रकृति अनुसार नेपाल सरकारवाट स्वीकृत मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ ।
(८.५) सामाजिक सङ्घसंस्थाले कानून बमोजिमको करकट्टी गरेको हुनु पर्नेछ ।

**९. अनुगमन गरिनेः**

(९.१) यो कार्यविधि वमोजिम अनुदान प्राप्त संस्थाले अनुदानको सही उपयोग गरे नगरेको सम्वन्धमा सम्वन्धित शाखा/महाशाखा लगायत नगर प्रमुख/उपप्रमुख/सम्वन्धित वडाको वडाध्यक्ष एवम् जनप्रतिनिधिहरुबाट स्थलगत अनुगमन गर्न र आवश्यक सरसल्लाह, सुझाव र निर्देशन दिन सक्नेछन् ।
(९.२) सो अनुगमनको क्रममा दिइएका निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।
(९.३) अनुगमन समिति वा समितिले खटाएको टोलीले गरेको अनुगमनको प्रतिवेदन महानगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१०. निर्णय र व्याख्या गर्न सक्नेः**

(१०.१) यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै उजुरी पर्न आएमा सो



Scanned with CamScanner

सम्बन्धमा कार्यपालिका बैठकले निर्णय गर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

(१०.२) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा पर्न आएमा प्रचलित कानूनको अधिनमा रही महानगरपालिकाले व्याख्या गर्न सक्नेछ ।

(१०.३) उपदफा (१०.१) बमोजिम गरेको निर्णय र उपदफा (१०.२) बमोजिम गरेको व्याख्याको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**११. विविधः**

(११.१) महानगरपालिकाबाट प्राप्त गरेको कार्यक्रम सञ्चालन अनुदान रकमबाट सामाजिक सङ्घसंस्थाले कार्यक्रमका लागि खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खरिद गर्नु पर्नेछ साथै नेतृत्व तथा क्षमता विकासका लागि सञ्चालन हुने गोष्ठी, सेमिनार, तालिम कार्यक्रम आदिको सम्बन्धमा अर्थ मन्त्रालयले तोके बमोजिमको खर्चको मापदण्डलाई पूर्ण पालना गर्नुपर्नेछ ।

(११.२) सम्वन्धित संस्थाले सञ्चालन गर्ने कार्यक्रममा अनिवार्यरुपमा सम्बन्धित शाखा महाशाखालाई जानकारी गराउनुपर्नेछ ।

(११.३) महानगरपालिका अन्तर्गतका सम्वन्धित शाखा/महाशाखाका कर्मचारीले कार्यसञ्चालन अनुदान प्राप्त गर्ने संस्थाका विज्ञको हैसियतले कार्यक्रममा भाग लिए वापत नियमानुसारको रकम लिन कुनै बाधा पर्नेछैन ।

(११.४) यो कार्यविधि वमोजिम प्राप्त अनुदान रकमवाट तालिम सञ्चालानार्थ खर्च गर्दा नेपाल सरकारको तालिम प्रदायक संस्थाले तोकेको मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ ।

**१२) बाधा अड्काउ फुकाउन सक्ने :**

१) यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको वैठकले फुकाउन सक्नेछ ।

२) यो कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।



Scanned with CamScanner

## अनुसूची - १
## (दफा ५ सँग सम्बन्धित)

कार्यक्रम सञ्चालन अनुदान प्राप्त गर्न इच्छुक सामाजिक सङ्घसंस्थाले पेश गर्नुपर्ने अवधारणा पत्र (१पेजमा नबढाई)

(क) कार्यक्रमको नाम :

(ख) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण :

(ग) उद्देश्य :

(घ) लक्षित समुदाय :

(ङ) क्रियाकलाप :

(च) कार्यक्रम अवधि :

(छ) सञ्चालन गरिने मिति र स्थान

(ज) अनुमानित कूल लागत :

(१) महानगरपालिकाको हिस्सा :

(२) संस्थाको हिस्सा :

(३) अन्यत्रको कुनै स्रोत उपलब्ध हुने भए (उल्लेख गर्ने)

आज्ञाले<br>
नरेन्द्र कुमार राना<br>
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner